स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'अन्तराल'बाट डेब्यू गरेकी नम्रता सापकोटाको करिअर न खराब न अपेक्षाकृत छ । अहिलेसम्म उनले झन्डै एक दर्जन फिल्ममा काम गरिसकेकी छन् । तर, कुनैबाट उनले व्यावसायिक सफलताको महशुस गर्न पाएकी छैनन् । फिल्म असफल भैरहेता पनि उनको अभिनयको हमेशा प्रशंसा हुँदै आएको छ । अघिल्लो वर्ष उनी अभिनीत फिल्म 'डेसान' प्रदर्शनमा आएको थियो । यस वर्षका लागि उनको पहिलो फिल्म 'नम्बरी सुन' आगामी भदौ १ गतेबाट प्रदर्शन हुँदैछ ।

आजको विचार...



बिचौलियाको...
(दुई पेजमा)

डा. विष्णुप्रसाद लम्साल



गायक राजेशपायल राईले पहिलोपटक छोरा सायरेमलाई औपचारिक रुपमा चिनाएका छन् । विवाह र छोराबारे मौन रहेका उनले मंगलबार पहिलोपटक छोरा सायरेमलाई समर्पित गर्दै गीत सार्वजनिक गरेका हुन् । 'ह्याप्पी बर्थडे सायरेम' भन्दै उनले लिरिकल शैलीमा जन्मदिनको गीत ल्याएका हुन् । छोराको पहिलो जन्मदिनमा ल्याइएको यो गीतमा राजेशपायलले छोराप्रतिको प्रेम र माया दर्शाएका छन् । भिडियोमा छोराको तस्वीर पनि समावेश गरिएको छ । राजेशपायलकै संगीत र स्वर रहेको गीतमा अग्नि साम्पाङ राईको शब्द छन् ।

❑ वर्ष २८ ❑ अंक ३२३ ❑ २०८० असार ६ गते बुधबार 21 June 2023, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# 'लुम्बिनीमा पर्यटक छन्, पर्यटन छैन'

**राम विकास चौधरी (रासस) —— लुम्बिनी,** असार ५/'पसलमा राखिएका हस्तकलाका सामग्रीहरु विक्री नभएको २० दिन बितेको छ', लुम्बिनी बसपार्कस्थित सिद्धार्थ ह्यान्डी क्राफ्टसका सञ्चालक विष्णुबहादुर बस्नेतले भन्छन्, 'वैकल्पिक व्यवसाय पनि छैन, गुजारा चलाउनै गाह्रो छ ।' व्यवसायको आम्दानीबाट बिजुली, पानी र सटरभाडाको जोहोसमेत गर्न नसकेको उनले दुःखेसो पोखे ।

पिन्टुलाल बनियालाई पनि होटेल ग्रिन लुम्बिनी भ्यू कसरी सञ्चालन गर्ने भन्ने चिन्ताले सताएको छ । 'रु पाँच करोडको लागतमा आठ वर्षअघि निर्माण गरेको होटेलले आम्दानीले खर्च धान्न छाडेको छ, लगानी त परै जाओस् सञ्चालन खर्च समेत धान्न गाह्रो छ', उनले भने, 'मौसमी कमाईले वर्ष दिन धान्नुपर्ने बाध्यता छ ।' यही अवस्था रहेमा होटल बन्द गर्नुबाहेक उनले अर्को विकल्प देखेका छन् । केही समययता देखिएको आर्थिक मन्दीको असर धेरैतिर परेको अर्का व्यवसायी अब्दुल मोबिन बताउँछन् । 'केन्द्रीय नहरमा डुङ्गा चलाउन ठेक्का लिएकै वर्ष कोरोनाले थला पारेको व्यवसाय सुध्रन दुई वर्ष कुर्नुपर्‍यो" ठेकेदार (डुङ्गा सञ्चालक) अब्दुल मोबिन



मुसलमानलले भने, "अवस्था सुधारात्मक छ,, पर्यटकको संख्या पनि बढ्दो छ तर दुई वर्षको घाटा पूर्तिको विकल्प छैन ।" लुम्बिनीमा प्रतिवर्ष हजारौं तीर्थयात्री धार्मिक पूजा-अर्चना तथा अध्यात्म पाठ गर्न आउँछन् । ठेकेदार मुसलमानलल भने, 'संसारभरका बुद्धमार्गीहरुका लागि पवित्र गन्तव्य लुम्बिनीभित्र प्रवेश, बहिर्गमन मार्ग र ब्यवसाय स्थलको तालमेल नमिल्दा लाभ लिन सकिएको छैन ।'

सन् २०२३ को जनवरीदेखि मे महिनासम्म कूल चार लाख ७० हजार पाँच सय ४२ पर्यटक लुम्बिनी भित्रिएका छन् । गत वर्ष सन् २०२२ को यसै पाँच महिनामा तीन लाख ६२ हजार ५६ जनाले लुम्बिनी भ्रमण गरेका थिए । यसरी गत वर्षको भन्दा यस वर्षको संख्या एक लाख आठ हजार चार सय ८६ ले बढी रहेको तथ्याङ्क छ । 'लुम्बिनीमा पर्यटकको संख्या उल्लेख्य मात्रामा बढे पनि व्यापार भने बढ्न सकेको छैन,' लुम्बिनी पर्यटन व्यवसायी संघका अध्यक्ष ५८ वर्षीय हुसेनी लोधले भने, 'लुम्बिनीको प्रमुख पर्यटकीय गन्तव्य बुद्ध जन्मस्थल (मायादेवी मन्दिर) देखि बसपार्क छेउमा रहेको हाम्रो व्यवसाय स्थलको दूरी झण्डै दुई किमी छ, जुन त्यसै पनि व्यवसायका लागि हितकर छैन ।' लुम्बिनी घुम्न आउने जो सुकैले कम्तीमा एकपटक मायदेवी मन्दिर पस्ने नै भएकाले पर्यटन व्यवसायीलाई सोही नजिक व्यवसाय सञ्चालन गर्न पुन: व्यवस्था मिलाउनु पर्ने उनको माग छ । अहिलेको व्यवसाय स्थल र पर्यटकको सम्बन्ध व्यावहारिक नरहेको उनको भनाइ छ ।

'विसं २०६९ अघि मायादेवी मन्दिर नजिक सञ्चालनमा रहेका पर्यटन व्यवसाय राम्रै चलेको थियो तर त्यसपछि सञ्चालनमा सहज भएको छैन' अध्यक्ष लोधले भने । लुम्बिनी विकास कोषले २०६९ सालमा व्यवसायीको संख्या ३४ बाट बढाएर ७० पुर्‍याई बसपार्क छेउमा ल्याएर राखेपछि नै व्यवसाय बिग्रिएको हो ।' लोधले भने '२०६९ सालदेखि हामी पिडित छौं, पछिल्लो दुई वर्ष त कोरोनाले भ्यायो । पहिला मायादेवी मन्दिर नजिकको ठाउँमा दैनिक रु पाँच हजारसम्म व्यापार हुन्थ्यो, अहिले शून्य छ ।' पर्यटक नै नहुने ठाउँमा घाटाको व्यवसाय गर्नुको कुनै औचित्य नरहेको उनको भनाइ छ । लुम्बिनीका व्यवसायीहरुले यहाँ भ्रमणमा आउने भारतीय पर्यटकहरुबाट खासै लाभ लिन सकेका छैनन् । भारतीय ट्राभल एजेन्सी र टुर गाइडहरु पर्यटकहरुलाई सिधै गाडीबाट ल्याउने र दुई/तीन घण्टा घुमाएर पुन: स्वदेश फर्काउने गरेकाले यहाँका व्यवसायीले सोचेअनुरुप लाभ लिन नसकेका हुन् । 'पर्यटकहरु हुर्रर आउँछन्, मायादेवी मन्दिर दर्शन गर्छन्, फोटो खिच्छन् र उही दिन फर्किहाल्छन्,' लुम्बिनी होटेल सैका अध्यक्ष गोविन्द ज्ञवाली भन्छन्, 'यसरी लुम्बिनी आउने पर्यटकको हुल हेर्ने र संख्या गनेर बस्ने मात्रै भयौं, व्यवसायमा सुधार हुन सकेन ।' लुम्बिनी होटेल संघका अध्यक्ष ज्ञवाली लुम्बिनी घुम्न आउने पर्यटकको बसाइँ लम्बाउने योजना र वातावरण मिलाउन नेपाल सरकार र लुम्बिनी विकास कोषसँग आग्रह गर्छन् । कम्तीमा एक रात मात्रै बास बसाल्ने वातावरण बनाउन सके पनि धेरै लाभ हुने उनको तर्क छ । 'भारतीय ट्राभल एजेन्सी र टुर गाइडको भर पर्दा यहाँ भारतीय पर्यटक बस्ने वातावरण नबनेको हो,' अध्यक्ष ज्ञवालीले भने, 'त्यसैले बेलहिया आइसकेपछि नेपाली टुर गाइडमार्फत भ्रमण नगराउँदासम्म यहाँ पर्यटकलाई एक रात पनि अडाउन सकिन्न ।'

यसैगरी लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा तिलक आचार्यले बुद्ध जन्मस्थल लुम्बिनीलाई बुद्धको जीवनीसँग सम्बन्धित तिलौराकोट, रामग्राम र देवदहलाई जोडेर वृहत् अध्यात्मिक केन्द्र र शान्ति शहरको रुपमा विकास गर्न सके पर्यटकको बसाइँ लम्ब्याउन सकिने र व्यवसायीले पनि लाभ लिन सक्ने बताए । उनले भन्छन्, 'पर्यटकका लागि अत्यावश्यक सामग्रीको सहज उपलब्धता, शान्ति र सुरक्षाको प्रत्याभूति तथा आनन्दको अनुभूति दिने खालका अध्यात्मिक वातावरण तथा सोही अनुकूल भौतिक पूर्वाधार सिर्जना गर्न सकियो भने पर्यटन व्यवसाय वृद्धि हुने निश्चित छ ।' 'आन्तरिक र वाह्य दुवै पर्यटकलाई लुम्बिनी आउँदा धेरै दिन भुलाउन मिल्ने छुट्टै अध्यात्मिक वातावरण र भौतिक पूर्वाधार चाहिन्छ' लुम्बिनी सांस्कृतिक नगरपालिकाका पूर्व प्रमुख मनमोहन चौधरीले भने, 'लुम्बिनीको बृहत्तर विकासका लागि यस क्षेत्रका अन्य महत्वपूर्ण पर्यटकीय स्थललाई समेत जोडेर 'टुर प्याकेज' बनाउन सक्नुपर्छ ।' उनले बौद्धमार्गी भएका विश्वका ३० भन्दा बढी देशमध्ये सम्भव भएका देशहरुमा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधा उडान भरेर धेरै पैसा खर्च गर्न सक्ने गुणस्तरीय पर्यटक तान्न सरकारी पहलको खाँचो औंल्याए । लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्री सन्तोष पाण्डेयले लुम्बिनीमा पर्यटकको बसाइँ लम्ब्याउन तीनै तहका सरकारबीच सहकार्य भइरहेको बताउँछन् ।

(...बाँकी अन्तिम पेजमा)

## संक्षिप्त समाचार

### दुर्घटनामा परी कानुनमन्त्री सिंहसहित तीन जनाको मृत्यु

**पाल्पा,** असार ५/सडक दुर्घटनामा परेर सुदूरपश्चिम प्रदेश सरकारका कानुनमन्त्री पृथ्वीबहादुर सिंह सहित ३ जनाको मृत्यु भएको छ । दुर्घटनामा परी कानुमन्त्री सिंह, उनकी पत्नी अमृता सिंह र भाउजु जयादेवी सिंहको मृत्यु भएको हो ।

प्रदेश मन्त्री सिंह चढेको सुपप्र १००१ झ ४८ नम्बरको जीप डडेल्धुराबाट बझाङ सदरमुकाम चैनपुर जाने क्रममा बझाङको केदारस्युँ गाउँपालिकाको धारछडामा दुर्घटना भएको थियो । जीप दुर्घटनामा परेका मन्त्री सिंहको बाँकेस्थित कोहलपुर मेडिकल कलेजमा उपचारका क्रममा निधन भएको इलाका प्रहरी कार्यालय कोहलपुरका प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिए । प्रनाउ तिवारीका अनुसार मन्त्री सिंहलाई दुर्घटनास्थलाबाट थप उपचारका लागि कोहलपुर मेडिकल कलेजमा ल्याइएको थियो । मन्त्री सिंहसँगै जीप चालक धर्मराज जोशी र प्रहरी सहायक हवल्दार दीपक भण्डारीलाई पनि उपचारका लागि नेपालगञ्ज ल्याइएको इलाका इन्चार्ज तिवारीले जानकारी दिए । उनका अनुसार दुवैको अवस्था मध्यम रहेको छ ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

***विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:***

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

***बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।***

नेपाल सरकार
विज्ञापन बोर्ड

# आज विश्व योग दिवस मनाइदैं

**पाल्पा,** असार ५/आज विश्व योग दिवस मनाइदै छ । विश्व योग दिवस नेपालमा पनि आज विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाइन्छ । हरेक वर्ष जुन २१ तारिखका दिन यो दिवस मनाउने गन्छि ।

संयुक्त राष्ट्र संघको महासभाले सन् २०१४ मा गरेको निर्णयअनुसार सन् २०१५ जुन २१ देखि अन्तर्राष्ट्रिय योग दिवस मनाउन थालिएको हो । भारतीय प्रधानमन्त्री नरेन्द्रदामोदरदास मोदीले संयुक्त राष्ट्र संघको ६९औं महासभामा योग सबैका लागि सधैंका लागि आवश्यक भएकाले अन्तर्राष्ट्रिय योग दिवसको घोषणा गर्न प्रस्ताव गरेका थिए । सो प्रस्तावमा नेपालका तत्कालीन प्रधानमन्त्री सुशील




कोइरालाले पहिलो समर्थन गरेपछि युरोपियन युनियनलगायत संयुक्त राष्ट्र संघका स्थायी सदस्य राष्ट्रले समर्थन गरेका थिए । संघले घोषणा गरेका दिवसमध्ये ९० दिनमा १७७ देशले समर्थन गर्ने कीर्तिमान योग दिवसले कायम गरेको छ । सन् २०१६ देखि २१ जुनमा अन्तर्राष्ट्रिय योग दिवस विश्वभर मनाइएको थियो । नेपालमा विसं २०३६ माघ १ गतेदेखि सूर्य उत्तरायण लाग्ने दिनको अवसर पारेर योग दिवस मनाउन थालिएको थियो । वैदिककालमा हिमालयको काखमा ऋषिमुनिले अध्ययन अनुसन्धान गरी प्रतिपादन गरेको योग नेपालमै लुप्त प्राय: बनेको थियो । यही क्षेत्रबाट पुन:जागरण गर्न दिवस घोषणा गरी जनचेतना जगाउने काम सुरु भएको हो ।

प्राचीनकालमा योग, ध्यान र आयुर्वेदका माध्यमबाट मानसिक शान्ति एवं स्थिरता र आरोग्यता प्राप्ति हुन्थ्यो । आधुनिक युगको प्रभावमा यसलाई चटक्क बिर्सिएका नेपाली युरोप र अमेरिकामा उपचार र सुख शान्तिका लागि बढी प्रयोगमा आउन थालेपछि योगतिर आकर्षित हुन थालेका हुन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## रवैया फेर दलहरु

मुलुकका नागरिक र यहाँको राजनैतिक अस्थिरताको अवस्था प्रति कसैलाई पनि कुनै चिन्ता लागेको देखिदैन । सबै नेताहरु सत्ता खिचातानी र शक्ति सञ्चय मै व्यस्त देखिन्छन् । सरकारका कार्ययोजना, भावी रणनीति र बजेटका विषयमा विभिन्न चर्चा परिचर्चा भएतापनि देश बनाउने बारे कुनै पनि राजनैतिक दलको चिन्ता नभएको महशुससँगै आर्थिक संकटले मुलुक धेरै छिटो थला पर्ने अवस्था देखिएको छ । तीन वटै सरकारका नीति, कार्यक्रम, वजेट र विकासका खाँकाहरु अगाडि आएका देखिन्छन् । तर केवल विरालो बाधेर श्राद्ध गर्ने प्रचलनकै लागि मात्र यी सबै काम भएको अनुभूति बाहेक केही पनि भएको छैन । युवाहरुमा बौद्धिकता थपिएको छ । वृद्धवृद्धाको आयु थपिएको छ । तर देशमा मौलाएको भ्रष्टाचार र राजनैतिक बेइमानीका खाँडलहरु पुरिन सकेनन् । समयसापेक्ष नागरिकका आवश्यकताहरुले जुनरुपमा स्थान पाउनुपर्ने हुन् पाएनन् । पुराना र मुलुक परिवर्तनका एजेण्डा बोकेका दलहरु बीच समस्या देखिन थाले । एक आपसमा मेलमिलाप भन्दा पनि गैरन्यायिक किसिमबाट देशलाई संसारभर बदनाम गर्ने खालका गतिविधिहरु बढेर गएपछि हरेक युवा पुस्तामा पुराना दलहरु प्रतिको सम्मोहमा कमी आएको देखिन्छ ।

यी र यस्तै यस्तै विषयका सबैको चासोमा गठवन्धनको सरकार किन मौन बसिरहेको छ । मौनताले दिने परिणामलाई फेर्ने र हेर्ने बेला पनि गुमिसकेको अवस्थामा मौनता साधेर बस्नु आफैमा निर्लज्जता बाहेक केही पनि हुन सक्दैन । राजनैतिक विचारका आधारमा ठूलादेखि साना सम्मका अपराधिक क्रियाकलाप प्रति सबैको ध्यान जानुपर्ने आवश्यकता छ अहिले । हरेक पटक बाचा गरिन्छ, प्रतिवद्धता व्यक्त हुने गर्छन् तर समस्याको सही पहिचान गरेर समाधानका उपाय किन खोजिदैन ? यी र यस्तै धेरै प्रश्नहरु अहिले नेपाली आकाशमा मड्राई रहेका छन् । त्यसकारण पुराना दलहरुको अबको रवैयामा आमूल परिवर्तनको खाँचो छ ।

## Opinion @ Social Network

रिस र हुरी एउटै हो, रोकिए पछि मात्रै थाहा हुन्छ
कति नोक्सान भयो भनेर...

*(अनुरागी शिव भट्टराईको फेसबुक स्टाटस https://www.facebook.com/palpali.kancho)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बिचौलियाको मनोमानी अन्त्य गर्ने उपाय–जीएसटी



डा. विष्णुप्रसाद लम्साल

*विकसित र सभ्य मुलुकमा कर छली गर्नेले राज्य विरुद्धको अपराधको सजाय भोग्नुपर्ने हुन्छ । तर नेपाल जस्तो देशमा कर छल्ने र भ्रष्टाचार गर्नेहरू नै सम्मानित हुनु नौलो विषय रहेन । भारत स्वतन्त्र भएको पनि सात दशक भइसकेछ । त्यसको लगत्तै तीन वर्ष पछाडि नै प्रजातन्त्र आएको थियो नेपालमा । यत्तिका वर्षसम्म पनि भारतीयहरूले जनस्तरमा राहत पाएका रहेनछन् । हाल आएर भाजपाको मोदी सरकारले जनस्तरमा सुधार नहुनुको मुख्य कारणको खोजी गर्दै त्यसमाथिको सुधारमा तदारुकता देखाएको छ । भारतमा एकाएक हुने गरेको कृत्रिम चरम महङ्गी के कारणले भएको रहेछ भन्ने कुराको खुलासा भयो । खरिद मूल्य एकातिर र बिक्री मूल्य अर्कोतिर यी दुवैको पारदर्शिता हुनु नपर्ने । कर प्रणालीमा समेत एकरूपता नभएको अवस्था, व्यापारीले सबै खाले दोष कर प्रणालीलाई लगाइदिने र कृत्रिम अभाव सिर्जना गरी बजार कार्टेलिङ गर्ने, सोही अवस्थालाई मध्यनजर गरी मोदी सरकारले एकीकृत कर प्रणालीको सुरुवात गरेको हो । गुड्स एण्ड सर्भिस ट्याक्स कुनै पनि सामानको खरिदमा खरिद गरेको बिल–बिजकलाई आधार मानी राज्यलाई कर तिरिन्छ र सो सामान उपभोक्तासम्म पुग्न स्टक व्यापारदेखि खुद्रा व्यापारसम्म पुग्दा दुई–तीन तह पार गर्नुपर्दछ ।*

वस्तु र सेवा कर वा जीएसटी एक व्यापक, बहुस्तर, गन्तव्य आधारित कर हो जुन प्रत्येक थप मूल्यमा लागू हुन्छ । कुनै पनि वस्तुले निर्माणको चरणबाट अन्तिम उपभोगसम्म धेरै चरण पार गर्दछ । पहिलो चरण भनेको कच्चा पदार्थ खरिद गर्नु हो । दोस्रो चरण उत्पादन वा निर्माण गर्नु हो । तत्पश्चात् सामग्रीहरू भण्डारण गर्ने वा गोदाममा राख्ने प्रणाली हुन्छ । यसपछि, सो उत्पादित वस्तु थोक व्यापारी, खुद्रा व्यापारी हुँदै अन्तिम उपभोक्तासम्म पुग्दछ । यी चरणहरूमा जीएसटी लगाइनेछ, र बहुस्तरीय कर हुनेछ । अप्रत्यक्ष करको अवस्थामा, करको दायित्व अर्को व्यक्तिमा हस्तान्तरण गर्न सकिन्छ । यसको मतलब यो हो कि जब बिक्रेताले आफ्नो बिक्रीमा भ्याट भुक्तान गर्दछ, उसले आफ्नो ग्राहकलाई दायित्व दिन सक्दछ । त्यसकारण ग्राहकले वस्तुको मूल्य र भ्याट भुक्तान गर्दछ, यसरी पसलले सरकारलाई भ्याट संकलन गर्दछ । यहाँ ग्राहकले उत्पादनको मूल्य मात्र भुक्तान गर्दैन, उसले कर दायित्व पनि तिर्नुपर्दछ । त्यसकारण, जब उसले कुनै वस्तु खरिद गर्छ यसको लागि अधिक खर्च गर्दछ । किनकि थोक बिक्रेताले सामान खरिद गरेको समयमा कर भुक्तानी गरेको थियो । उसले संकलन गरेको रकमसँगै सरकारलाई भुक्तानी गरिएको भ्याट पुनः प्राप्त गर्न उसले आफ्नो ग्राहकलाई थप रकम तिर्नुपर्ने दायित्व दिन्छ ।

छिमेकी मुलुक भारतले आफ्ना सम्पूर्ण कर प्रणालीलाई परिमार्जन गर्दै सन् २०१७ जुलाई १ देखि वस्तु तथा सेवा कर (गुड्स एण्ड सर्भिस ट्याक्स- जीएसटी) लागू गरेको छ । कुनै पनि देशमा व्यापारीले कर छली गर्नु नौलो विषय होइन । विकसित र सभ्य मुलुकमा कर छली गर्नेले राज्य विरुद्धको अपराधको सजाय भोग्नुपर्ने हुन्छ । तर नेपाल जस्तो देशमा कर छल्ने र भ्रष्टाचार गर्नेहरू नै सम्मानित हुनु नौलो विषय रहेन । भारत स्वतन्त्र भएको पनि सात दशक भइसकेछ । त्यसको लगत्तै तीन वर्ष पछाडि नै प्रजातन्त्र आएको थियो नेपालमा । यत्तिका वर्षसम्म पनि भारतीयहरूले जनस्तरमा राहत पाएका रहेनछन् । हाल आएर भाजपाको मोदी सरकारले जनस्तरमा सुधार नहुनुको मुख्य कारणको खोजी गर्दै त्यसमाथिको सुधारमा तदारुकता देखाएको छ । भारतमा एकाएक हुने गरेको कृत्रिम चरम महङ्गी के कारणले भएको रहेछ भन्ने कुराको खुलासा भयो । खरिद मूल्य एकातिर र बिक्री मूल्य अर्कोतिर यी दुवैको पारदर्शिता हुनु नपर्ने । कर प्रणालीमा समेत एकरूपता नभएको अवस्था, व्यापारीले सबै खाले दोष कर प्रणालीलाई लगाइदिने र कृत्रिम अभाव सिर्जना गरी बजार कार्टेलिङ गर्ने, सोही अवस्थालाई मध्यनजर गरी मोदी सरकारले एकीकृत कर प्रणालीको सुरुवात गरेको हो । गुड्स एण्ड सर्भिस ट्याक्स कुनै पनि सामानको खरिदमा खरिद गरेको बिल-बिजकलाई आधार मानी राज्यलाई कर तिरिन्छ र सो सामान उपभोक्तासम्म पुग्न स्टक व्यापारदेखि खुद्रा व्यापारसम्म पुग्दा दुई-तीन तह पार गर्नुपर्दछ । यी कुनै पनि तहमा थप कर नलाग्ने र खुद्रा व्यापारीले समेत खरिद मूल्य र बिक्री मूल्य बीचको रकमको अन्तरको आधारमा जे जति आम्दानी हुन्छ सो गरे बापत राज्यलाई आम्दानी कर बुझाउनुपर्ने पारदर्शी व्यवस्थाका कारण तत्काल बजार मूल्य अनुगमन गर्न पनि सजिलो र मूल्य व्यवस्थापन र कर व्यवस्थापन समेत सरकार र प्रशासनले चाहेको अवस्थामा गर्न सकिन्छ । व्यापारी मात्र मोटाउने न त राज्यलाई न उपभोक्तालाई सहज हुने अवस्थाको अन्त्य गर्दै मोदी सरकारले चालेको कर प्रणाली सम्बन्धी लोकप्रिय कदमलाई भारतका जनताले सकारात्मक कदम ठानेका छन् । यसबाट सर्वसाधारण जनताले प्रत्यक्ष राहत पाउने कुराको सुनिश्चितता गर्न सकिन्छ । बजारमा पारदर्शिताको विकास हुन्छ । कर ठगी गर्न सक्ने अवस्थाको अन्त्य हुन्छ ।

असमान बजार दर भाउको अन्त्य हुन्छ । राजस्वमा वृद्धि हुन्छ । न्यून बिजकीकरणको अन्त्य हुन्छ । व्यवसायी र उपभोक्ता बीचमा सुमधुर सम्बन्ध कायम हुन्छ । समृद्ध देश बनाउने परिकल्पना साकार हुन्छ । त्यसैले यस्तो उचित र सफल कर प्रणालीको विकास गर्नमा सरकार पछि पर्नुहुँदैन । झन् संघीयता र स्थानीय स्वायत्त शासन प्रणालीको सुरुवाती अवस्थामा यस्तो एकीकृत कर प्रणाली लागू गर्नाले स्थानीयस्तरमा भ्रम पैदा भई विविध कर असुल उपर गर्ने र स्वायत्त शासनका नाममा जनता शोषित हुनुपर्ने अवस्थाको सिर्जना हुनबाट बेलैमा छुटकारा पाई भोलि व्यवस्थाकै नाममा धावा बोल्नुपर्ने अवस्थाको सिर्जना नहोला । अन्यथा समयमा नै विवेकशील निर्णय लिन नसक्दा निकै ठूला ठानिएका उपलब्धिहरू बदनाम भएका र गुमेका समेत छन् । वस्तु र सेवा कर वा जीएसटी एक व्यापक, बहुस्तर, गन्तव्य-आधारित कर हो जुन प्रत्येक वृद्धि मूल्यमा लगाइन्छ । वस्तु तथा सेवाले उत्पादकबाट अन्तिम उपभोक्तासम्म पुग्दा धेरै चरण पार गरेको हुन्छ। पहिलो चरण पदार्थ खरिद गर्नु हो । दोस्रो चरण वस्तु तथा सेवाको उत्पादन गर्नु हो । त्यसपछि भण्डारण वा गोदाम व्यवस्था गरिन्छ । यसपछि, सो वस्तु तथा सेवा थोक बिक्रेता हुँदै खुद्रा बिक्रेतासम्म पुग्दछ । र अन्तिम चरणमा, खुद्रा बिक्रेताले अन्तिम उपभोक्तालाई सामान बिक्री गर्दछ । धेरैजसो अर्थशास्त्रीहरूको शब्दमा एउटै करको दुई वटा नामको रूपमा भ्याट र जीएसटीलाई लिने गरेको पनि पाइन्छ । तर यसको सूक्ष्म मूल्यांकन गर्ने हो भने यी दुईबीचमा विविधता पाइन्छ । भ्याट वस्तुको बजार मूल्यमा गणना गरिन्छ । लागत मूल्यमा अन्तशुल्क समावेश गरी भ्याट निर्धारण गरिन्छ । तर जीएसटीमा तोकिएको दरमा केन्द्र सरकारको कर (सीटीएसटी) र प्रदेश सरकारको दर (सीजीएसटी) कायम गरिन्छ । जीएसटी लागू गरेको अवस्थामा अन्य विभिन्न किसिमका अप्रत्यक्ष करहरू लगाउनु आवश्यक हुँदैन ।

कतिपयले जीएसटीलाई भ्याटको परिष्कृत रूप भनी व्याख्या गरेको पनि पाइन्छ । समग्र अर्थतन्त्रलाई विकास गर्न र स्वदेशी उद्योगहरूलाई थप प्रतिस्पर्धी बनाउन नेपालमा पनि जीएसटी लागू हुनु आवश्यक छ । अहिले विश्वका धेरैजसो मुलुकले जीएसटी सुरु गरिसकेका छन् । भारतले सुरु गरेको जीएसटीले नेपाली बजारमा समेत प्रभाव पारेको छ । कर प्रणालीमा सुधार गर्ने क्रममा भारतले कतिपय उद्योगहरूलाई कर छुट तथा विशेष अनुदान पनि उपलब्ध गराएको छ । फलस्वरूप वस्तुको लागत घट्न गई उनीहरूले उत्पादन गरेका वस्तुसँग नेपाली उद्योगले प्रतिस्पर्धा गर्न सकेका छैनन् । भारतमा जीएसटी लागू भएपछि भारतबाट निकासी हुने वस्तुको अनिवार्य जीएसटी बिल ल्याउनुपर्ने व्यवस्था नेपालले गरेको छ । जसबाट अनौपचारिक रूपमा हुने निकासी स्वतः रोकिनेछ । फलस्वरूप नेपालको भन्सार राजस्व बढ्न जानेछ । मुलुक संघीयतामा प्रवेश गरेपश्चात् संविधानको कार्यान्वयनमा रहेको नेपालमा तीन तहको सरकार कायम भएको छ । तीन तहकै सरकारले कानुन निर्माण गरी कर निर्धारण गर्न पाउने व्यवस्था भएकाले उद्योगी, व्यापारी तथा आम उपभोक्ताबाट अधिक कर तथा दोहोरो करको मारमा परेको आवाज व्यापक भएको अवस्थामा नेपालले पनि जीएसटी लागू गरेको अवस्थामा यस किसिमको समस्याको समाधान हुने अपेक्षा गर्न सकिन्छ । नेपाल सरकारले हाल विभिन्न किसिमका अप्रत्यक्ष करहरू बिक्री कर, सेवा कर, मनोरञ्जन कर, अन्तःशुल्क, चुंगीकर, मूल्य अभिवृद्धि कर लगायत लिने गरेको छ । यसबाट कर निर्धारण तथा असुलीमा समेत जटिलता देखिएको छ । यस्तो अवस्थामा जीएसटी लागू हुँदा कर प्रणालीमा पारदर्शिता तथा प्रभावकारिता आउँदछ । जीएसटी लागू भएको अवस्थामा अन्य कुनै पनि अप्रत्यक्ष करहरू लगाउनु जरूरी छैन ।

जीएसटी लागू भएपश्चात् मुलुकभरि हरेक वस्तुको मूल्य समान रहन्छ र बिचौलियाहरूको मनोमानी अन्त्य हुन गई उत्पादक, व्यापारी, उपभोक्ता सबै लाभान्वित हुनेछन् । तर यसका लागि नागरिकहरू सचेत हुनु जरूरी छ । कुनै पनि वस्तु तथा सेवाको मूल्य भुक्तानी गरिसकेपछि अनिवार्य रूपमा जीएसटी बिल लिनु आवश्यक हुन्छ । यसो गरेको अवस्थामा उद्योगी व्यापारीहरूलाई लाग्न सक्ने दोहोरो कर व्यवस्थापन हुने तथा कर राजस्व असुली प्रभावकारी रूपमा भई व्यापारी, उपभोक्ता एवम् सरकार समेत लाभान्वित हुने देखिन्छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तसँग कुनै पनि काम, व्यवहार गर्दा सावधानी अपनाउनु होला । | **तुला** : अधुरो काम पूरा हुनेछ। व्यवसायका लागि यात्राको सम्भावना हुनेछ । |
| **वृष** : नयाँ कामको थालनी हुनेछ । शुभ यात्राको योग छ । | **वृश्चिक** : आफन्तको सहानुभूति मिल्नेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **मिथुन** : मनमा उत्साह सिर्जना हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने बेला छ। | **धनु** : परिबन्धनमा परिने तथा झै झगडा हुने अधिक सम्भावना रहेको छ । |
| **कर्कट** : बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । | **मकर** : वैदेशिक कार्य अघि बढ्नेछ । आफन्तसँग भेटघाट पनि रहला । |
| **सिंह** : संयमता अपनाउनु राम्रो हुनेछ । कार्यमा बाधा पनि आउन सक्छ । | **कुम्भ** : कार्यमा सफलता मिल्नेछ । मनमा शान्ति छाउनेछ । |
| **कन्या** : काममा सफलता प्राप्त हुनेछ। प्रतिष्ठा र पदोन्नतिको सम्भावना पनि छ। | **मीन** : कार्यको लागि यात्रा हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |



# 'नेपाली कला र फिल्मलाई अन्तर्राष्ट्रिय रुपमा देखाउन चाहन्छु'



लण्डनमै हुर्के-बढेर ठूली भएकी शिल्पा मास्केलाई एक दिन हलिउड सुपरहिरो फिल्म 'डक्टर स्ट्रेन्ज'मा अतिथि भूमिका गर्न प्रस्ताव आयो । नेपालको कथावस्तु र पात्र चाहिने भएकाले निर्माताले उनलाई यस्तो प्रस्ताप राखेका थिए । उनले पनि खुसीले प्रस्ताव स्वीकारिन् । तर लण्डनबासी भएर प्रस्ताव गरिएको भने होइन । कथानुसार चाहिएको नेपाली पात्रको भूमिकालाई हेरेर उनलाई यो रोल अफर गरिएको थियो । यो बिन्दुमा उनलाई आफ्नो पहिचानको बोध भयो । त्यसपछि उनी फिल्म खेल्न नेपाल आइपुगिन् । अनि सुरु भयो नेपाली फिल्म, म्युजिक भिडियो र नाटकमा अभिनय गर्ने सिलसिला ।

शिल्पालाई नेपालमा अभिनय करिअर थालेको चार वर्ष पुगेको छ । यसबीच सात फिल्ममा काम गरिन् । 'द ब्रेकअप'देखि सुरु भएको यात्रा 'परस्त्री'सम्म आइपुगेको छ । 'डक्टर स्ट्रेन्ज'मात्र होइन, अक्षयकुमारको 'गोल्ड'मा कोरस डान्सरको रोल होस् या अन्य केही अन्तर्राष्ट्रिय सिरिज उनको नाममा छन् । उनै शिल्पा अहिले घरेलु फिल्मकी व्यस्त अभिनेत्री हुन् । मास्केले देशप्रेम, करिअर र निजी रुचिका कुरा गरिन् । नेपाली कला र फिल्मलाई अन्तर्राष्ट्रिय रुपमा देखाउने उद्देश्य बोकेर आफू नेपाल फर्किएको बताए । 'मैले विदेशी फिल्ममा धेरै केमियो गरें, क्यामेरा पछाडि काम पनि गरें । डक्टर स्ट्रेन्जमा म जोडिनुको मुख्य कारण म नेपाली भएर हो । म मेरो पहिचानले गर्दा नै जोडिएको हुँ । नेपाली नभएको म त्यो फिल्ममा हुँदिन थिएँ होला,' उनी भन्छिन्, 'यहाँ आएर करिअर सुरु गर्नु मेरो लागि एकदमै ठूलो निर्णय थियो । आएर पनि करिअर चल्छ कि चल्दैन भन्ने रिस्क थियो । आफूलाई र नेपाली कला, फिल्मलाई अन्तर्राष्ट्रिय रुपमै देखाउन मन छ ।' हुन सक्छ, यही कारण उनी नेपाली र विदेशी प्रोजेक्टबीच काम गराइमा भिन्नता हुने गरेको बताउँछिन् । नेपाली कलाक्षेत्र अझै व्यावसायिक बन्न नसकेकोतर्फ इंगित गर्दै उनी स्तर सुधार्न व्यावसायिकता, कानुनी सम्झौता र एजेन्सीको पक्षमा ध्यान दिनुपर्ने बताउँछिन् । 'विदेशी फिल्मसँग हामीलाई तुलना गर्न सकिँदैन किनकि उनीहरुको इतिहास लामो छ । उहाँहरुको प्रि-वर्क नै धेरै हुन्छ । बजेटको कारणले पनि होला । उहाँहरुको दिनमा एउटा मात्र दृश्य छायांकन हुन्छ । हाम्रोमा एक दिनमै चार-पाँच दृश्य खिच्नुपर्ने हुन्छ । मुभी सेट नहुँदा वास्तविक लोकेसनमै गएर खिच्नुपर्ने हुन्छ,' उनी अनुभव बाँड्छिन् । शिल्पा कम फिल्म गर्ने अभिनेत्रीमध्ये पर्छिन् । कहिलेकाहीं स्क्रिप्टमा राम्रो लाग्ने फिल्म पर्दामा देखिंदा अर्कै हुन्छ । केहीबाहेक शिल्पाले खेलेका अधिकांश फिल्मले बक्स अफिसमा कमाल गर्न सकेनन् । फिल्म नचल्दा एउटा कलाकारलाई चुनौती हुनु स्वभाविक हो । 'फूलबारी'मा उनको छोटो तर सशक्त रोलले शिल्पालाई चर्चामा ल्यायो । बक्स अफिसको तथ्यांकलाई एकातिर पन्छाउने हो भने शिल्पा आफूलाई कलाकारको रुपमा आफ्नो 'ग्रोथ' भइरहेको महसुस गर्छिन् । 'जति पनि मलाई अप्रोच आएका थिए, यो मेरो रुचि नै हो । स्क्रिप्टमा चुजी भएकी हुँ । एक्टरको रुपमा धेरै कुरा हेर्नुपर्छ । एक्टर, स्क्रिप्ट सबै हेर्नुपर्छ । मैले एक्टरको रुपमा धेरै ग्रोथ देखेकी छु । यसमा खुसी छु,' उनी भन्छिन् । शिल्पा आफूलाई 'स्टिल स्ट्रगलिङ' मान्छिन् ।

असार १५ गते प्रदर्शनको तयारीमा रहेको 'परस्त्री' उनको पहिलो प्रोटागोनिस्ट (शीर्ष भूमिका) रहेको फिल्म हो । कथालाई आफ्नै काँधमा बोकेकी छिन् । यसमा उनले आभ्या नामक रेडियो जक्की (आरजे)को भूमिका निर्वाह गरेकी छन् । 'स्क्रिप्ट आउँदा केटीको क्यारेक्टर गर्न डर लाग्या थियो । किनभने वास्तविक जीवनमा म अविवाहित हुँ तर विवाहित महिला जो विवाहेत्तर सम्बन्धमा छे, उसको रोल गर्नुपर्ने थियो । किनकि मलाई विवाहको संसारबारे केही थाहा छैन ।' वैवाहिक जीवनमा दुःखी भएकी महिला जो मायाको खोजीको लागि परपुरुषको प्रेममा पर्छिन्, यो रोलमै शिल्पा यसमा छिन् । 'विवाहित महिलाको रोल गर्न मलाई सुरुमा कसलाई आधार मानौं भन्ने चुनौती थियो । सुरुमा त ब्लाइण्ड थिएँ । दीपेन्द्र दाइ (फिल्म लेखक दीपेन्द्र के खनाल) राइटर भएकाले पनि मलाई विश्वास थियो । उहाँले लेख्नुभएको पात्र राम्रै होला तर भिन्न चुनौती हुन्छ भन्ने थाहा थियो । मनोवैज्ञानिक रुपमा एउटा ग्राफ चाहिं बनाएकी थिएँ,' उनले सुनाइन् । शिल्पालाई एक्सपेरिमेन्टल रोल गर्न मनलाग्छ । परस्त्रीको उनको चरित्र यही सोचको नतिजा अवश्य हो । 'अब म गर्ल नेक्स्ट डोर टाइपका रोलभन्दा प्रयोगात्मक भूमिका गर्न रुचाउँछु । अब गर्ल नेक्स्ट डोरजस्ता भूमिकामा बेसिक बनिसके । ग्रोथको लागि पनि यस्तो रोल गर्नु जरुरी छ,' उनी भन्छिन् । शिल्पाको करिअरमा दोस्रो इनिङ्स सुरु हुँदैछ । अर्थात् मञ्चन तयारीमा रहेको नाटक 'ट्रान्जिट'बाट उनले रंगमञ्च डेब्यु गर्दैछिन् । यसका लागि शिल्पी थिएटरमा धमाधम रिहर्सल भइरहेको छ । मायावीको रोलमा उनी देखिनेछिन् । फिल्ममा 'प्राविधिक अभिनय' गरेकी अभिनेत्रीलाई 'पर्फमेन्स आर्ट्स'को प्लेटफर्म मानिने नाटकमा काम गर्नु सीप तिखार्ने मौका पनि हो । 'नाटक सिकिरहँदा म पूर्ण रुपमा अभिनयको ग्राण्ड जिरोमै रहेर काम गरिरहेकोजस्तो फिल भएको छ,' उनी भन्छिन् ।

'म बल्ल त सुरुवाती चरणमा छु । नाटकमा पात्रको धेरै तयारी हुने रहेछ । धेरै प्रश्न हुने रहेछ । महिला, संस्कृति, यौनिकता सबै पक्षलाई सोचेर डायलग लेखिंदो रहेछ । फिल्ममा चाहिं स्क्रिप्टमा पनि डिटेलिङमा काम गर्दा अझ राम्रो हुन्छ । नाटकभन्दा फिल्ममा बढी प्राविधिक पक्ष हेर्नुपर्छ,' उनी भन्छिन् । उनी अगाडि भन्छिन्, 'स्क्रिप्ट सुन्दा पनि गज्जब लाग्यो । अहिले गरेन भने कहिल्यै हुँदैन भन्ने लाग्छ मलाई । कथानुसार यसमा मेरो रोल मायावीको छ । तीनजना अभिनेत्रीले एउटै रोल गर्दैछन् । सय वर्षअघि ट्रान्जिटमा आएर मानवशास्त्री (दिव्यदेव)लाई भेट्ने यात्रा हो यो,' उनी भन्छिन्, 'तर पनि राम्रो काम गर्नको लागि कहिल्यै चित्त नबुझ्ने मान्छे हुँ म । के राम्रो गर्न सक्छु भन्ने लाग्छ । एक्टिङ सुरु गर्दा मैले बाँचुञ्जेल कलाक्षेत्रमै लाग्छु भनेर गरेको थिएँ ।' नाटक र फिल्मलाई भविष्यमै सँगै अघि बढाउने उनको योजना छ । अविवाहित शिल्पा आफ्नो जीवनमा आउने पार्टनर व्यवसायलाई बुझ्ने होस् भन्ने चाहिन्छिन् । 'मायासँगै स्वतन्त्रता पनि होस् । हाम्रो प्रोफेसन हेर्दा समझदार पार्टनर चाहिन्छ मलाई,' उनी सुनाउँछिन् ।

-अनलाइन खबर डटकम

# महाशिवरात्रीमा आउने भयो नवलको 'काँडेतार'




नवल खड्काद्वारा निर्देशित, निर्मित तथा अभिनीत फिल्म 'काँडेतार' यस वर्षको महाशिवरात्रीको दिनबाट प्रदर्शनमा आउने भएको छ । अभिनेता खड्काले आइतबार आफ्नो जन्मदिनको अवसर पारेर एक पोस्टरमार्फत् आगामी फागुन २५ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरेका हुन् । २५ गते शिवरात्रीको सार्वजनिक विदा र शुक्रबार पनि परेकाले नवलले उक्त मिति रोजेका हुन् । गत बैशाखमा चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले फिल्मको केही दृश्य र संवादमा आपत्ति जनाउँदै प्रदर्शनका लागि जाँचपासको प्रमाणपत्र दिएको थिएन । यो विषयलाई केही दिन मिडियामा उछ्यालेका नवलले आपत्तिजनक संवाद र दृश्य हटाएपछि सेन्सर बोर्डले प्रमाणपत्र दिएको थियो । फिल्मले नेपाल-भारत सीमामा काँडेतार लगाउनुपर्ने मुद्दा उठाएको निर्देशक खड्का बताउँछन् । फिल्ममा नवलसँगै गौरव पहारी, रेविका गुरुङ, सुरविना कार्की, मुरलीधर, प्रेम सुब्बा, परशुराम चौधरी, सञ्जय खतिवडा, राजेन्द्र भगत, पन्नालाल सिकदार, प्रकाश गिरी, बाल कलाकारहरु नादिया खड्का, सनया खड्का लगायतको पनि अभिनय छ । फिल्ममा श्री श्रेष्ठको द्वन्द्व निर्देशन र कविराज गहतराजको कोरियोग्राफी रहेको छ । फिल्मको टिजर र एक गीत भने रिलिज भैसकेको छ । नवलसँगै माकिको राई र अञ्जु केसी निर्माता र सत्यकला राई कार्यकारी निर्माता रहेको 'काँडेतार'मा मणि थापा र दीपक शर्माको संगीत, सौरभ लामाको छायांकन, तारा थापा 'किम्भे' र बन्दे प्रसादको सम्पादन छ । फिल्मलाई राज्यद्वारा आर्थिक अनुदान, करमा छुट, स्वदेशमा सोलो प्रदर्शन र विदेशमा प्रदर्शन गर्न कुटनैतिक पहल गरिदिन निर्देशक नवलले सरकारसँग आग्रह गरेका छन् ।

-फिल्मीखबर डटकम

# बन्नेभन्दा नबन्ने सिनेमा निर्माणको घोषणा धेरै !




रंगीन दुनियाँ अर्थात् सिनेमा क्षेत्र । चलचित्र उद्योगलाई धेरैले रंगीन दुनियाँ भन्छन् । जहाँ कामले भन्दा अनुहारले धेरै अर्थ राख्छ । वास्तविकताभन्दा धेरै हल्ला हुन्छ । र, त्यही हल्लाले पनि धेरै काम हुन्छ । भलै, पछिल्लो दशक अनुहार र हल्लाले मात्र काम चल्दैन, यथार्थमै काम हुनुपर्छ । अझै चलचित्र क्षेत्रमा कामसँगै हल्ला हुन भने छोडेको छैन । यसको उदाहरणका रूपमा निर्माताले गर्ने सिनेमा निर्माणको घोषणा र यथार्थमा निर्माण हुने चलचित्रलाई लिन सकिन्छ । यहाँ जति सिनेमा निर्माणको घोषणा गरिन्छ, उत्तिकै संख्यामा नबन्ने चलचित्र निर्माणको पनि घोषणा हुन्छ । तामझामका साथ निर्माताले सिनेमा निर्माणको घोषणा गर्छन् । ठूलो संख्यामा राम्रै भेन्युमा मोटो रकम खर्चिएर चलचित्र निर्माणको घोषणा गर्ने गरिएको लामो समय भइसक्यो ।

'दीपेन्द्र सरकार' भनौं वा 'एक्स-९' अर्थात् अनटाइटल मुभी - हिँडेर अमेरिका जाने कथामा बन्ने भनिएको सिनेमा । दुई वर्षअगाडि 'एक्स-९' निर्माण पक्षले त भारतीय सुपरस्टार सुनील सेट्टीलाई आफ्नो चलचित्रमा खेलाउने घोषणा नै गऱ्यो । निर्माण पक्षले सेट्टीलाई अफर गरेर उनले स्वीकार पनि गरिसकेको भनिएको थियो । उनी फेब्रुअरीको तेस्रो साता नेपाल आउने र यहाँ ६ दिन बस्ने बताइएको थियो । सेट्टी 'एक्स-९' छायांकनका लागि बडीमालिका, खप्तड, बैतडीको पाटन र कैलालीका विभिन्न ठाउँमा जाने तय भइसकेको थियो । सेट्टीको सुटिङ करिब १२ दिन हुने र बाँकी छायांकन स्कटल्यान्डमा गर्ने पनि बताइएको थियो ।

**यस्तो छ सुनील सेट्टीको नेपालमा सुटिङ र बसाइको सेड्युल**

"मैले स्क्रिप्ट पिच गर्दा नै उहाँले यस्तो चलचित्र नेपालमा पनि बन्छ ? भनेर भन्नुभयो," निर्देशक मुकुन्द भट्टले भनेका थिए, "उहाँले मेरो चलचित्र एलसी हेर्नुभएको रहेछ । एलसी-२ पनि हेरिसकेकाले उहाँले एलसी-२ को सटको प्रशंसा पनि गर्नुभयो । त्यसैले यो प्रयास र प्यासनका लागि प्रभावित भएको भन्दै 'तपाईंसँग काम गर्न तयार' रहेको बताउनुभयो ।"

चलचित्रको बजेट १२ करोड रुपैयाँ अनुमानित रहेको भट्टले बताएका थिए । नेटफ्लिक्स, अमेजन वा हटस्टारलगायत डिजिटल प्लेटफर्ममा रिलिजका लागि आफूले बलिउडको ठूलो अनुहारलाई लिएर चलचित्र बनाउन लागेको पनि उनले बताएका थिए । यसका लागि हलिउडबाट नायिका लिने तयारी गरिरहेको उनको भनाइ थियो । वेब सिरिजमा काम गरिरहेकी नायिकासँग अनुबन्धका लागि तयारी भइरहेको उनले बताएको समाचार सार्वजनिक भएको थियो । तर, यो चलचित्र आजसम्म बनाइएको छैन । निर्माता सन्तोष सेनले 'दीपेन्द्र सरकार' निर्माणको घोषणा गरेको पनि थुप्रै वसन्त बितिसक्यो । तर, अझै यो चलचित्र बनाइएको छैन । प्रदीप खड्का मुख्य भूमिकामा रहने भन्दै ठूलो कार्यक्रम आयोजना गरेर निर्माणको घोषणा गरिए पनि चलचित्र कहिले बनाउने भन्ने टुंगो छैन । यी त भए पछिल्ला केही उदाहरण । यस्ता सयौं चलचित्र छन्, निर्माण गर्ने भनेर निर्माताले मिडिया बोलाएर घोषणा गरे । निर्देशक छनोट भएका खबर छपाए । कलाकार अनुबन्ध भएका समाचार आए । तर, वर्षौं बित्छ सिनेमा बनाइँदैन । त्यसैले धेरैको टिप्पणी हुने गर्छ- सिनेमा उद्योगमा काम कम हुन्छ, हल्ला धेरै ।

**किन ?**

"पूर्वतयारीको कमी," निर्देशक दीपेन्द्र के खनालको जवाफ छ । हिँडेर अमेरिका जाने कथामा चलचित्र बनाउने घोषणा गरेको उनकै निर्माण टिमले हो । शर्मिला पाण्डेले निर्माण गर्ने, दीपेन्द्र के खनालले निर्देशन गर्ने र खगेन्द्र लामिछानेले अभिनय गर्ने भनेर चलचित्र निर्माणको घोषणा गरिएको थियो ।

**किन हुनुभयो ब्याक ?**

"मुख्य कुरा त बजेट नै हो । बजेटको क्यालकुलेसन गर्दा हामीले सुरुमा सोचेभन्दा धेरै बजेट निस्कियो । त्यसैले हामी पछि यो प्रोजेक्टबाट ब्याक भयौं," दीपेन्द्र केको जवाफ छ ।

**त्यसो भए हचुवाका भरमा सिनेमा निर्माणको घोषणा हुन्छ ?**

उनलाई यो स्वीकार्न हिचकिचाहट छैन । "नेपाली सिनेमा उद्योगको मुख्य समस्या यही त हो । जेमा पनि हतारहतार गर्ने, यो उद्योगको विशेषतै भइसक्यो," उनी भन्छन्, "को मेकर छ यहाँ, जसले आरामले तीन/चार वर्ष समय लिएर काम गर्छ ?"

**सिनेमा घोषणामै के हो हतारो ?**

"निर्माता वा निर्देशकको दिमागमा कथाको टाइटल फुर्छ । चलचित्र विकास बोर्डमा अर्कोले त्यही टाइटल दर्ता गर्ला कि भन्ने डरले उसले हतारहतार गएर सिनेमा दर्ता गर्छ," दीपेन्द्र स्पष्ट पार्छन्, "ऊसँग वास्तवमा सिनेमाको टाइटलबाहेक केही हुँदैन । कथा हुँदैन । पटकथा हुँदैन । कतिपय सन्दर्भमा निर्माता हुँदैन । निर्माता भए बजेटिङको प्लान हुँदैन ।" दिमागमा आएको कथाको आइडियामा सधैं सिनेमा बनाइन्छ भन्ने निश्चित नहुने दीपेन्द्रको अनुभव छ । कथा लेख्दै जाँदा त्यो सिनेमा बनाउनका लागि लायक नहुने आफूले थुप्रैपटक अनुभव गरेको उनी सुनाउँछन् । "कहिले लेख्दै जाँदा घोषणा गरेको सिनेमाको कथा नै बन्दैन । कहिले बने पनि चित्त बुझ्दैन । कहिले कथा बने पनि निर्देशक र निर्मातालाई चित्त नबुझेपछि त्यो चलचित्र नै बन्दैन," उनी भन्छन्, "यस्तै कारण हुन् घोषणा गरेर पनि चलचित्र नबन्नुको ।"

मेकरको सुरुको सोचमा विस्तारै बदलाव आउनु पनि घोषणा भएर सिनेमा नबन्नुको अर्को कारण भएको निर्देशक दिनेश राउत बताउँछन् । "अन्तिम समयमा आएर निर्माता ब्याक हुनु, कलाकारलाई कथा मन नपर्नु, निर्देशकले भनेजस्तो कथा नहुनु पनि घोषणा भइसकेको सिनेमा नबन्नुको अर्को कारण हो," दिनेश भन्छन् । तर, अफिसियल जानकारी गराएर निर्माणको घोषणा गरिएका भन्दा आन्तरिक रूपमा तयारी गर्दैगर्दा समाचार सार्वजनिक हुने र त्यसकै आधारमा सिनेमा बनेन भनिएका घटना धेरै हुने गरेको उनको जिकिर छ । आफ्नो नाम पनि निर्माणको घोषणा गरेर सिनेमा नबनाउने निर्देशकका रूपमा आउने गरेको उनी बताउँछन् । तर, निर्माताले अफिसियल घोषणा नगरेसम्म आधिकारिक मान्न नसकिने उनको जिरिह छ । कागजी प्रक्रिया पूरा गरेर अनुबन्ध नभएसम्म सिनेमामा अनुबन्ध भएको भन्न नमिल्ने उनको तर्क छ । "नेपाली सिनेमाको कमजोर पक्ष नै हतारो र चटारो हो । यसकै परिणाम हुन् कमजोर नेपाली सिनेमा," निर्देशक दीपेन्द्र के भन्छन्, "हामी ढुक्कले काम गर्दैनौं, सिनेमा मात्रै होइन, हामी हरेक कुरा चाँडो खोज्छौं । केही पनि कुरा पाक्न निश्चित समय लाग्छ । हतारमा गरिएको कुनै पनि काम राम्रो हुँदैन ।" सिनेमाको घोषणासँगै नेपालमा अक्सर मेकरले रिलिज डेट पनि अनाउन्स गर्छन् । कतिपय अवस्थामा चलचित्रको रिलिज डेट घोषणा गरिसक्दा मेकरसँग कथा पनि हुँदैन । "यसको असर आउटपुटमा देखिन्छ," उनी भन्छन्, "हतारको काम पर्दामा कमजोर देखिन्छ । यसको असर व्यापार र प्रतिक्रियामा पर्छ ।" निर्माता सन्तोष सेन सुरुमा सिनेमा निर्माणलाई सामान्य रूपमा लिनु नै यसको मुख्य कारण रहेको बताउँछन् । उनले 'दीपेन्द्र सरकार' सिनेमा निर्माणको घोषणा गर्नुअघि 'मैले देखेको दरबार' पुस्तकको कपिराइट लेखक विवेक शाहसँग लिए ।

पुस्तककै आधारमा मात्र सिनेमा बन्दैन थियो । त्यसका लागि थप अध्ययन तथा अनुसन्धान चाहिन्थ्यो । दरबारका परिवारका सदस्यसँग भेट्नुपर्थ्यो । त्यो प्रक्रिया सुरु भयो । अनि, उनले थाहा पाए- 'मैले देखेको दरबार'को कपिराइट लिएकै भरमा सिनेमा नबन्ने रहेछ ! दरबारका फेमली मेम्बर र उनीहरूका आफन्तको पनि अनुमति चाहिन्थ्यो । दरबार पो एउटा थियो, त्योसँग जोडिने सयौं थिए । कथा पनि तयार होला, तर त्यसलाई दृश्यभाषामा उतार्नुअगाडि ती फेमली मेम्बरलाई देखाउनुपथ्र्यो । सन्तोषले तयार पारेको कथामा उनीहरू सबैले चित्त बुझाउलान् ? सन्तोषकै शब्दमा 'सम्भव थिएन ।' "हामीले सुरुमा सोचेजस्तो नहुने पायौं । एकजनाको चित्त बुझाएर नहुने भयो । सयौंको चित्त बुझाउन सम्भव भएन," सन्तोष 'दीपेन्द्र सरकार' नबन्नु पछाडीको कारण सुनाउँछन्, "सिनेमाको ल्यान्डिङ दरबार हत्याकाण्ड नै थियो । त्यसमा हामीले न्याय गर्न सक्छौं भन्ने लागेन । साझा भइसकेको विषयमा हामीले दरबारका सयौं फेमली मेम्बरलाई चित्त बुझाएर उनीहरूले भनेजस्तो क्लाइमेक्स देखाउँदा दर्शकले विश्वास गर्छन् भन्ने लागेन । त्यसपछि जनताको गाली र ढुंगा खान करोडौं किन खर्च गर्ने भन्ने निष्कर्षमा म पुगें ।" थुप्रै व्यक्ति र संस्थाको दबाब झेलेर सिनेमा बनाएर उल्टै गाली खानु उचित नलागेको उनी सुनाउँछन् । सुरुमा सिनेमा निर्माणलाई 'इजी वे'का रूपमा लिनु नै घोषणा गरेर पनि चलचित्र नबनाइनुको मुख्य कारण भएको सन्तोषको अनुभव छ ।

-बाह्रखरी डटकम

